| २०७७ बैशाख देखि असार २८ सम्मका विपद्का मुख्य घट्नाहरुको विवरण | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| पहिरो | | | बाढी | | | चट्याङ्ग | | |
| मृत्यु | बेपत्ता | घाइते | मृत्यु | बेपत्ता | घाइते | मृत्यु | बेपत्ता | घाइते |
| ८४ | ४० | ७८ | ५ | ५ | ३ | ४७ | ० | १६१ |
| **२०७७ जेठ ३० मनसुन सुरु भएदेखि असार २८ सम्मका विपद्का मुख्य घट्नाहरुको विवरण** | | | | | | | | |
| पहिरो | | | बाढी | | | चट्याङ्ग | | |
| मृत्यु | बेपत्ता | घाइते | मृत्यु | बेपत्ता | घाइते | मृत्यु | बेपत्ता | घाइते |
| ८२ | ४० | ७७ | २ | ४ | १ | १७ | ० | ४२ |

# दैनिक विपद् बुलेटिन

२८ असार विहान १०:०० बजेदेखि २९ असार विहान १०:०० बजे सम्म

**नेपाल**मा विभिन्न जिल्लामा गरेर १३ स्थानमा **पहिरो**, १० स्थानमा **अबिरल वर्षा**, ५ स्थानमा **आगलागी**, ४ स्थानमा **सर्पदंश**, ३ स्थानमा **बाढी**का घटना भएका छन् । यी घटनामा परेर १३ जनाको **मृत्यु**, १४ जना **घाईते** र १९ जना **बेपत्ता** छन् । २ स्थानमा **बाटो अबरुद्ध** भएका छन् ।

| मृत्यु संख्या | हराएको | घट्ना संख्या | घाइते | अनुमानित क्षति रु. | सडक अवरोध | चौपाया क्षति |
|---|---|---|---|---|---|---|
| १३ | १९ | ३५ | १४ | ३१,६४,५०० | २ | ३ |

## घट्ना सारांश

- **मुलुकभर** गएको २४ घण्टामा विपद्का **३५** वटा घट्नाहरु भएका छन् ।
- **जाजरकोट**को बारेकोट गाउँपालिका वडा नं.४ जिरी स्थित सार्की गाउँमा असार २५ गते गएको पहिरोमा बेपत्ता भएका थप १० जनाको सनाखत भएको छ, २ जना अझै बेपत्ता छन् ।
- **संखुवासभा**को सिलिचोङ गाउँपालिका वडा नं. १ बेसिन्दामा अबिरल बर्षाको कारण **पहिरो** गई ८ घर बगाउँदा ११ जना बेपत्ता, ४ जना **घाईते** भएका छन् । अबिरल बर्षाकै कारण खाँदबारी नगरपालिका वडा नं. १ पपलडाँडामा माथिबाट पहिरो झरि एक कटेरोमा रहेको भैंसी पहिरोले पुरी मरेको र १ लाख रुपैयाँ बराबर क्षति भएको छ । अर्को एक घर भत्किँदा २० वटा कुखुरा पुरिएको छ । यसैगरी माथिबाट पहिरोसँगै रुख झरि एउटा ग्यारेजमा रहेको १०० वटा ग्याँस सिलिण्डर पुरिएको छ ।
- **तनहुँ**को रिसङ गाउँपालिका वडा नं ८ पल्टयाङ भैसिलिकि भन्ने स्थानमा २ वटा घर पहिरो आई पुरिदाँ ५ जना बेपत्ता, १ जना घाईते भएका छन् । म्यागदे गाउँपालिका वडा नं ६ बेलौते डाँडा स्थित एक घर माथिबाट पहिरो आई घर भत्कदा एक किशोरीको मृत्यु भएको छ । शुक्लागण्डकी नगरपालिका वडा नं. १ खाल्डोसेमा पहिरोले एक घर भत्कदा एक जना घाईते भएको छ । ब्यास नगरपालिका वडा नं. १३ मा अबिरल वर्षाको कारण एउटा घरको गारो चर्केको छ ।

## घट्ना सारांश...

- **मोरङ**को केराबारी गाउँपालिका वडा नं.२ सिंहदेवी चिसाङखोलामा **पहिरो**ले पुरी एकव्यक्तिको **मृत्यु** भएको छ । अबिरल बर्षाको कारण बिराटनगर महानगरपालिका वडा नं. ६ स्थित केशलिया खोलामा पानीको बहाव बढी सिम्राही टोलमा पानी पसी मुसहर बस्तिमा रहेका ८/१० घरमा **डुवान** भएको छ । चिसाङ खोलामा आएको **बाढी**ले कानेपोखरी गाउँपालिका वडा नं. २ चिसाङ बस्तिको २ घरमा बाढी पसी **२ लाख रुपैयाँ** बराबरको क्षति भएको छ ।
- **इलाम**को माङसेबुङ गाउँपालिका वडा नं. ५ तेमबुङ एक घरमा **पहिरो** आई घर पुर्णरुपमा भत्किँदा **१० लाख रुपैयाँ** बराबरको क्षति भएको छ ।
- **तेह्रथुम**को छथर गाउँपालिका वडा नं. ५ ओखे बजारको एक घरमा पहिरो गई घर चर्किई **७ लाख रुपैयाँ बराबर**को क्षति भएको छ ।
- **सुनसरी**को धरान उपमहानगरपालिका वडा नं १७ स्थित सुर्दु खोलामा आएको बाढीले ६ वटा टहरो बगाउँदा **११ लाख रुपैयाँ** बराबरको क्षति भएको छ ।
- **सोलुखुम्बु**को सोताङ गाउँपालिका वडा नं. ५ गोर्खिममा एउटा घरमा माथिबाट **पहिरो** झरी घरको बिच भाग भत्किईएको छ ।
- **धनुषा**को जनकपुर उपमहानगरपालिका वडा नं. २ मा **एउटा भोजनालयमा** ग्याँस सिलिण्डर लिक भई अचानक **आगलागी** हुँदा **१ लाख ७७ हजार रुपैयाँ** बराबरको क्षति भएको छ ।
- **सर्लाही**को ईश्वरपुर नगरपालिका वडा नं. ९ मा अविरल वर्षाका कारण एक घरमा पानी पस्दा **७० हजार रुपैयाँ** बराबरको क्षति भएको छ । मलगंवा नगरपालिका वडा नं. ६ मा अबिरल बर्षाको कारण एक घरमा पानी पस्दा **३० हजार रुपैयाँ** बराबरको क्षति भएको छ ।
- **रौतहट**को गढिमाई नगरपालिका वडा नं. ४ पर्शा टोलस्थित एउटा घर **अबिरल बर्षा**को कारण पुर्णरुपमा भत्किँदा **१ लाख ७० हजार रुपैयाँ बराबरको** क्षति भएको छ ।
- **रामेछाप**को खाँडादेबी गाउँपालिका वडा नं ८ दियालेमा एउटा मतान घर अबिरल बर्षका कारण भत्किदा **एक** जना **घाईते** र १ हल गोरू मरेको छ ।
- **स्याङ्जा**को आधिखोला गाउँपालिका वडा नं १ राजास्वारामा अविरल वर्षाको कारण एक घर भत्कदा **२ लाख ५० हजार** रुपैंया बराबरको क्षति भएको छ । अविरल वर्षाको कारण आधिखोला गाउँपालिका वडा नं. १ राजास्वारामा एक घरको गारो भत्किई **२ लाख ५० हजार रुपैंया बराबर**को क्षति भएको छ । हरिनाश गाउँपालिका वडा नं ४ चित्रेस्थित एक कच्ची घरमा माथिबाट पहिरो झर्दा नजिकै रहेको भान्साकोठा र कच्चि गोठ बगाई गोठमा रहेको एउटा भैसी र एउटा पाडी मरेको छ ।
- **बर्दिया**को गुलरिया नगरपालिका वडा नं. ३ मा एक व्यक्तिलाई कोठामा सुतिरहेको अवस्थामा बाँया हातको औलामा सर्पले टोक्दा शख्त घाईते भएको छ ।
- **नवलपरासी पश्चिम**को रामग्राम नगरपालिका वडा नं. १२ कुनुवारमा **एक व्यक्तिलाई** घरको आगनमा सर्पले डसी घाईते बनाएको छ ।
- **झापा**को कनकाई नगरपालिका वडा नं ६ स्थित एक घरको किचेन कोठामा राखेको ग्याँस लिक भएर आगलागी हुँदा किचेन कोठा र कोठामा रहेको फ्रिज, मकै, ग्याँस चुला, किचेन र्याक, प्लास्टिकको कुर्सी, टेबुल लगायत जलि **२ लाख ३९ हजार ५ सय** बराबरको क्षति भएको छ । अबिरल बर्षातको कारण मेचीनगर नगरपालिका वडा नं ७ पालिया खोला बगर सिद्धार्थ टोलस्थित एङ्क घरमा पानी पसेको छ ।
- **संखुवासभा**को सिलिचोङ गाउँपालिका वडा नं १ स्थित बेसिन्दा भन्ने स्थानमा अविरल वर्षातको कारण पहिरो गई बेपत्ता भएकाहरुको खोजी तथा उद्धारको कार्यमा संलग्न रहेका एक व्यक्तिको मृत्यु भएको छ ।
- **धनुषा**को जनकपुर उपमहानगरपालिका वडा नं १२ मा एक व्यक्तिलाई कोठा तर्फ जानेक्रममा सर्पले दाहिने खुट्टा टोकी घाईते भएको छ ।

## घट्ना सारांश...

- **सप्तरी** सप्तकोशी नगरपालिका वडा नं ४ बस्ने मा **अबिरल वर्षा**का कारण ४ वटा घरमा पानी पस्दा **३५ हजार** रुपैंया बरावरको क्षति भएको छ। सप्तकोशी नगरपालिका वडा नं ९ कमलपुरस्थित एक गाई गोठमा लामखुट्टे धपाउन बालेको घुरबाट अचानक **आगलागी** हुँदा गोठ पुर्ण रुपमा जली **४० हजार** रुपैंया बराबरको क्षति भएको छ । छिन्नमस्ता गाउँपालिका वडा नं २ रामपुरास्थित क्वारेन्टाईनमा बसेको एक व्यक्तिलाई सर्पले टोकी घाईते भएको छ ।
- **काभ्रेपलाञ्चोक**को धुलिखेल नगरपालिका वडा नं ५ श्रीखण्डपुरस्थित एक घरमा खाना पकाउने ग्याँसको पाईप लिकेज भई **आगलागी** हुँदा **२** जना **घाईते** भएको छ ।
- **लमजुङ**को दुधपोखरी गाउँपालिका वडा नं ६ स्थित एक गोठमा लामखुट्टे धपाउन बालेको धुँपबाट **आगलागी** हुन गई आगो निभाउने क्रममा जलेर एक जना घाईते भएका छन् । गोठ पूर्ण रुपमा जलेको छ ।
- **मोरङ**को रतुवामाई नगरपालिका वडा नं ३ चौकिघाट स्थितबाट रतुवा खोला तर्ने क्रममा खोलाले बगाई एक जना बेपत्ता भएको छ ।

## सडक अवरोध

- **दोलखा**को भिमेश्वर गाउँपालिका वडा नं १ दामराङस्थित **चरिकोट-सिंगटी भित्रि सडक खण्डमा** माथिबाट **पहिरो** आई **सडक अवरोध** भएको छ ।
- **दार्चुला**को मालिकार्जुन गाउँपालिका वडा नं. ८ क्याम्पसचोक नजिक बाटो माथिबाट **पहिरो** आई **बाटो अबरुद्ध** भएको छ


## प्रतिकार्य

- सुरक्षा निकायको टोलीबाट पहिरोमा पुरिएर वेपत्ता भएका व्यक्तिहरुको स्थानीयको सहयोगमा खोजी कार्य भइरहेको छ भने घाईतेलाई स्थानीय स्वास्थ्य उपचार केन्द्रहरुमा पुर्याईएको छ । साथै पहिरोका कारण अबरुद्ध बनेको बाटो खोल्ने प्रयास भइरहेको छ ।

## वर्षाको सारांश

असार २८ गते बिहान ०८:४५ बजे देखि असार २९ गते ०८:४५ बजे सम्म

आज मिति २०७७/०३/२९ गते बिहान ०८:४५ बजे २२४ वटा वर्षा मापन केन्द्रहरु (मानब संचालितः ५२ र स्वचालितः १७२) मा मापन गरिएको वर्षाको विवरण अनुसार १३९ वटा केन्द्रहरुमा वर्षा भएको छ (चित्र १)। उक्त केन्द्रहरु मध्ये सबै भन्दा बढि वर्षा (२७७.६ मि. मी.) तनहुँ जिल्लाको स्याम्घा केन्द्रमा मापन गरिएको छ। वर्षा मापन भएका केन्द्रहरु मध्ये २ वटा केन्द्रमा २०० मि. मी. भन्दा बढि, ९ वटा केन्द्रमा १०० मि. मी. भन्दा बढि, २३ वटा केन्द्रमा ५० मि. मी. भन्दा बढि, ५१ वटा केन्द्रमा २५ मि. मी. भन्दा बढि र ७९ वटा केन्द्रमा १० मि. मी. भन्दा बढि वर्षा मापन भएको छ।




चित्र १: दैनिक वर्षा (छायांकित रंग) तथा केन्द्रको अवस्थिती (गोलाकार संकेत)

**वर्षा तथा जलवायु सम्बन्धि थप जानकारीको लागि [www.dhm.gov.np/climate/](http://www.dhm.gov.np/climate/) मा हेर्नुहोस।**

## बाढी पूर्वानुमान

**असार २९ (सोमबार)**

- **आज कोशीमा बहाव केहि घट्ने तर सतर्कता आसपासनै हुने तथा नारायणीमा बहाव बढ्ने र सतर्कता पुग्न सक्ने, नारायणीको सहायक नदी कालिगण्डकी लगायतमा बहाव खतरा आसपास** सम्म पनि पुग्न सक्ने । कर्णाली, महाकाली र यसका सहायक नदीहरुमा बहाव सामान्य घटबढ हुने तथा सबैमा बहाव सतर्कता भन्दा तलै हुने।
- **आज कन्काई, कमला, बागमती, पश्चिम राप्ती, तिनाउ, बबई लगायतमा बहाव बढ्दो हुने, कन्काई र बागमतीका केहि सहायक नदीमा आकस्मिक बहाव (Flash Flood) हुन सक्ने तथा केहिमा सतर्कता पुग्न सक्ने ।**
- आज प्रदेश १, २, बागमती, गण्डकी र प्रदेश ५ को मध्यपहाडी, चुरे र तराईबाट बहने साना नदीमा बहाव उल्लेख्य बढ्ने र सतर्कता आसपास रहने तथा **प्रदेश २ को तराईको भारतीय सीमा आसपास भारी बर्षा भई केहि साना नदीमा खतरा पुग्न सक्नने** पुर्वानुमान छ ।
- आज ईलाम, झापा, मोरङ, सुनसरी, धनकुटा, उदयपुर, प्रदेश २ का सबै जिल्ला, मकवानपुर, का.उपत्यका, काभ्रेपलाञ्चोक, सिन्धुपाल्चोक, चितवन, नवलपरासी, लम्जुङ, तनहूँ, स्याङ्जा, पर्वत, कास्की, म्याग्दी, बागलुङ , गुल्मी पाल्पा, अर्घाखाँची, रूपन्देही, कपिलबस्तु,दाङ भई बहने स-साना नदीमा क्षणिक मध्यम बर्षा भई आकस्मिक बहावको संभावना रहेको छ ।

**थप जानकारीका लागि** जल तथा मौसम विज्ञान विभाग**को वेभसाइटः** [http://hydrology.gov.np/](http://hydrology.gov.np/)